सम्पर्क न.
प्रमुख प्रसासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८२/०८३ (सहकारी प्रबर्द्धन उपशाखा) मितिः २०८३/०३/२४
चलानी नं. ४६२२

श्री सहकारी संस्था लिमिटेड,
(टीकापुर नगरपालिकाको नियमन क्षेत्रभित्र पर्ने, सम्पूर्ण)
टीकापुर नगरपालिका, कैलाली ।

विषय : निर्देशन जारी गरिएको सम्बन्धमा ।

टीकापुर नगरपालिका नियमन क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुमा सुशासन प्रबर्द्धन गर्न आवश्यक देखिएकोले यस नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८३/०३/२३ गते र नगर कार्यपालिकाको कार्यालयको मिति २०८३/०३/२४ को निर्णयानुसार "**सहकारी संस्थाहरूमा सुशासन प्रबर्धनको लागि निर्देशन, २०८३**" जारी गरिएको ब्यहोरा सम्बनिधत सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
सुमन घिताल
प्रमुख प्रशासकीय अधिकृत एवं दर्ता गर्ने अधिकारी

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# टीकापुर, कैलाली

### सहकारी संस्थाहरूमा सुशासन प्रवर्धनको लागि निर्देशन, २०८३

(जारी मिति : २०८३/०३/२४)

यस टीकापुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरूले प्रचलित सहकारी सम्बन्धी कानुन, नगरपालिकाको सहकारी ऐन तथा नेपाल सरकारबाट जारी सहकारी सम्बन्धी कानुनी व्यवस्थाको पूर्ण पालना गर्न देहाय बमोजिम निर्देशन दिइएको छ |

१. संस्थागत सुशासन

- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरूलाई नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ।
- समिति बैठकहरू नियमित रूपमा बसी निर्णय अभिलेख (माइन्युट) अद्यावधिक राख्नुपर्नेछ।
- हितको द्वन्द्व (Conflict of Interest) हुने निर्णयमा सम्बन्धित पदाधिकारी सहभागी हुन पाउने छैनन्।

२. सदस्यता व्यवस्थापन

- सदस्यहरूको विवरण, नागरिकता, सम्पर्क, KYC तथा शेयर अभिलेख अद्यावधिक राख्नुपर्नेछ।
- सदस्यता वितरण तथा समाप्ति प्रचलित कानुन र संस्थाको विनियमबमोजिम मात्र गर्नुपर्नेछ।

३. बचत तथा ऋण कारोबार

- सदस्यबाट मात्र बचत संकलन गर्नुपर्नेछ।
- ऋण लगानी गर्दा ऋणीको भुक्तानी क्षमता, धितो तथा ऋणको उद्देश्यको मूल्याङ्कन गर्नुपर्नेछ।
- भाखा नाघेका कर्जाको नियमित अनुगमन गरी असुली कार्ययोजना लागू गर्नुपर्नेछ।

४. वित्तीय अनुशासन

- सबै कारोबार लेखा प्रणालीमा समयमै प्रविष्ट गर्नुपर्नेछ।
- मासिक बैंक मिलान (Bank Reconciliation) गर्नुपर्नेछ।
- नगद मौज्दात सुरक्षित सीमाभित्र राख्नुपर्नेछ।
- आर्थिक वर्ष समाप्त भएको कानुनले तोकेको अवधिभित्र लेखापरीक्षण सम्पन्न गर्नुपर्नेछ।

५. प्रतिवेदन पेश गर्ने

- संस्थाको विवरणहरु अनिवार्य रुपमा कोपोमिस प्रणाली मार्फत पठाउनु पर्नेछ |
- त्रैमासिक प्रगति विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ।
- वार्षिक लेखापरीक्षण प्रतिवेदन, वित्तीय विवरण तथा साधारणसभाको निर्णयको प्रतिलिपि नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ।
- नगरपालिकाले माग गरेको अन्य विवरण तोकिएको समयभित्र पेश गर्नुपर्नेछ।

...शासकीय अधिकृत

६. साधारणसभा

- वार्षिक साधारणसभा कानुनले तोकेको समयभित्र सम्पन्न गर्नुपर्नेछ।
- साधारणसभाबाट वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम अनुमोदन गराउनुपर्नेछ।

७. आन्तरिक नियन्त्रण

- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्नेछ।
- जोखिम व्यवस्थापन नीति तथा आन्तरिक लेखापरीक्षण नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ।

८. बचतकर्ताको हित संरक्षण

- बचतकर्ताको रकम सुरक्षित रूपमा परिचालन गर्नुपर्नेछ।
- संस्थाको वास्तविक वित्तीय अवस्था सदस्यहरूलाई जानकारी गराउनुपर्नेछ।
- बचत फिर्ता तथा सेवा प्रवाहमा अनावश्यक ढिलाइ गर्न पाइने छैन।

९. अनुगमन तथा निरीक्षण

- नगरपालिकाबाट हुने निरीक्षण तथा अनुगमनमा पूर्ण सहयोग गर्नुपर्नेछ।
- माग गरिएका अभिलेख, कागजात तथा विवरण उपलब्ध गराउनुपर्नेछ।
- निरीक्षणबाट प्राप्त निर्देशन तोकिएको समयभित्र कार्यान्वयन गर्नुपर्नेछ।

१०. कानुनी पालना

- सहकारी सम्बन्धी प्रचलित कानुन, नियम, विनियम, मापदण्ड, कार्यविधि तथा नगरपालिकाबाट जारी भएका निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ।

११. कारबाही

- यस निर्देशनको पालना नगर्ने सहकारी संस्थालाई प्रचलित कानुनबमोजिम चेतावनी, सुधार आदेश, जरिवाना, सेवा सञ्चालनमा आवश्यक प्रतिबन्ध, वा अन्य कानुनी कारबाहीका लागि प्रक्रिया अगाडि बढाइनेछ।

१२.कार्यान्वयन

यो निर्देशन जारी भएको मितिदेखि लागू हुनेछ। सबै सहकारी संस्थाले निर्देशनको पूर्ण कार्यान्वयन गरी आवश्यक प्रगति विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल